प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर
नेपाल
Email:addhetaudap3@gmail.com

पत्र संख्याः ०७७/७८
चलानी नं. 822

मितिः २०७७/०९/०६

बिषय : कृषि विकास निर्देशनालय बाट प्रकाशित सूचनाको जानकारी सम्वन्धमा ।

श्री स्थानिय निकाय हरु,
बागमती प्रदेश ।

उपरोक्त सम्बन्धमा यही मिति २०७७/०९/०५ गतेको कान्तिपुर पत्रिकामा प्रकाशित यसै पत्र साथ संलग्न कृषि विकास कार्यक्रम अन्तरगत "स्थानिय तह/सहकारी/समुह/नीजि क्षेत्रको ५०% लागत साझेदारीमा फेब्रिकेटेड कोल्ड च्याम्बर (१५ मे.टन भन्दा माथी)" निर्माण कार्यक्रममा सहभागी हुन आह्वान गरिएको सूचना तहाँ कार्यालयका सेवा ग्राहि साथै सर्वसाधरण जनता समक्ष सहज रुपमा पुर्याउनको लागि प्रचार प्रसार गरी तथा तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सहयोग गरिदिनु हुनका लागि हार्दिक अनुरोध गर्दछु ।

रविन्द्र बहादुर प्रधान
(प्रमुख)



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
कान्तिपुर
ekantipur.com
सातै प्रदेशबाट एकैसाथ प्रकाशित



वर्ष २८ अंक २९२ काठमाडौं | ५ पुस २०७७ आइतबार मार्ग शुक्लपक्ष षष्ठी | नेपाल संवत् ११४१ | KANTIPUR, Nepali National Daily, Sunday, December 20, 2020 | पृष्ठ १२ | १० रुपैयाँ

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

# कृषि विकास निर्देशनालय

**बागमती प्रदेश, हेटौंडा, मकवानपुर**

## कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हानको सूचना

**प्रथमपटक सुचना प्रकाशन मितिः २०७७/०९/०५**

कृषि विकास निर्देशनालय, हेटौंडाको आ.व. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार 'स्थानीय तह/सहकारी/समुह/नीजि क्षेत्रको ५०% लागत साझेदारीमा प्रति इकाई अधिकतम रकम रु. ११,७६,०००।०० (अक्षेरुपी एघार लाख छयहत्तर हजार रुपैया मात्र) मा फेब्रिकेटेड कोल्ड च्याम्बर (१५ मे.टन भन्दा माथि)' निर्माण गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक **कृषक समूह, कृषि सहकारी, नीजि क्षेत्र र स्थानीय तहले "कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७६"** बमोजिम सुचना प्रकाशन भएको मितिले ३० दिन (मितिः २०७७/१०/०५ गते) भित्र फेब्रिकेटेड कोल्ड च्याम्बरको क्षमता स्पष्ट खुलाई तपसिलका कागजातसहित कृषि विकास निर्देशनालयमा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यक्रमको विवरणः**

| क्र.स. | कार्यक्रम लागु हुने स्थान | |
|---|---|---|
| | जिल्ला | स्थानीय तह |
| १ | काठमाण्डौं | चन्द्रागिरी न.पा., नागार्जुन न.पा.-२, बुढानीलकण्ठ न.पा.-१३, चाँगुनारायण न.पा.-१, |
| २ | भक्तपुर | मध्यपुर ठिमी न.पा.-७, सूर्यविनायक न.पा.-१०, |
| ३ | ललितपुर | गोदावरी न.पा., महालक्ष्मी न.पा., |
| ४ | चितवन | रत्ननगर न.पा.-१३, |
| ५ | मकवानपुर | मनहरी गा.पा., |
| ६ | काभ्रे | पाँचखाल न.पा.-५, मन्डनदेउपुर न.पा., |
| ७ | सिन्धुपाल्चोक | बाह्रबिसे न.पा., मेलम्ची न.पा., लिसंखु पाखर गा.पा., हेलम्बु गा.पा. - ३, |
| ८ | सिन्धुली | सुनकोशी गा.पा., कमलामाई न.पा., हरिहरपुर गढि गा.पा.-८, |
| ९ | रामेछाप | रामेछाप न.पा., गोकुलगंगा गा.पा., लिखु तामाकोशी गा.पा., गोकुलगंगा गा.पा. - ३, |
| १० | दोलखा | कालिन्चोक गा.पा., गौरिशंकर गा.पा. - ५, बिगु गा.पा., |
| ११ | रसुवा | कालिका गा.पा. राम्चे, |
| १२ | नुवाकोट | बिदुर न.पा., बेलकोटगढी न.पा., ककनी गा.पा., किस्पाङ गा.पा., |
| १३ | धादिङ्ग | धुनिवेशि न.पा., निलकण्ठ न.पा., गजुरी न.पा., ज्वालामुखी गा.पा., बेनीघाट रोराङ्ग गा.पा., त्रिपुरासुन्दरी गा.पा.मा संख्या २, |

**नोटः त्रिपुरासुन्दरी गा.पा.मा जम्मा २ र अन्य तोकिएका स्थानीय तह वा तोकिएको वडामा जम्मा १ वटा कार्यक्रम सञ्चालन हुने,**

**तपसिलः**

१) कार्यविधको अनुसूची-२ अनुसारको आवेदन,
२) कार्यविधिको अनुसूची-२ अनुसार माग गरिएका कागजपत्रहरु,
- संस्था दर्ताको प्रमाण पत्र तथा VAT/PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,
- समुह/सहकारी, नीजि फर्मको प्रबन्धपत्र वा नियमावली वा उद्देश्य देखिने कागजातहरु,
- निर्माण गरिने जग्गा आवेदक संस्थाको नाममा भएको वा कम्तिमा १० वर्ष करार सम्झौता गरी भोगाधिकार गरिने कागजातको प्रमाण-पत्र,
- कम्तिमा १० वर्ष सञ्चालन गर्नको लागि बैठकको निर्णय,
- सेवा प्रदान गर्ने क्षेत्रका कृषि उपज उत्पादक कृषकहरुका संस्थासँग कोल्ड च्याम्बर/कोल्ड स्टोरबाट दिने सेवा सम्बन्धि सम्झौता तथा शर्तहरु (वस्तु, परिमाण, समयावधि, दर आदि विषयहरु समेटिएको),
- स्थानीय तहको सिफारिस (सम्भव भएसम्म),
३) कार्यविधिको अनुसूची-३ अनुसारको व्यवसायिक प्रस्ताव,
४) कार्यविधिको अनुसूची-४ अनुसारको प्रतिवद्धता पत्र,
५) साझेदारको बैंक खातामा न्यूनतम ११,७६,०००।०० (अक्षेरुपी एघार लाख छयहत्तर हजार रुपैया मात्र) मौज्दात रहेको प्रमाण,

**पुनश्चः** सम्बन्धित कार्यविधि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशको वेवसाईट www.molmac.bagamati.gov.np वा कृषि विकास निर्देशनालयको वेवसाईट www.doad.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।